# माछापुच्छ्रे गाउँपालिका
# Machhapuchchhre Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

पत्र संख्या ०८८/०८९
Letter No.:
चलानी नं. ८६५
Dispatch No.:

लाहाचोक, कास्की
Lahachowk, Kaski
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

मिति :२०७८/०९/१९

सूचना !

विषयः -उच्च शिक्षा शैक्षिक छात्रवृति लागि आवेदन माग सम्बन्धमा ।

प्रस्तुत विषयमा यस माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आ.व.०७८/०७९ को लक्षीत वर्गको महिला तर्फको स्वीकृत बार्षिक कार्यक्रम अनुसार आर्थिक अभाव भएका महिला छात्राहरुका लागि उच्च शिक्षा शैक्षिक छात्रवृति कार्यक्रम महिलाहरुलाई समतामूलक ढङ्गले उच्च शिक्षामा पहुँच पुर्याउने उद्धेश्यका साथ सञ्चालन गरिने हुदाँ तपशिल बमोजिमको योग्यता पुगेका यस गाउँपालिका भित्रका महिलाहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निवेदन पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

- प्रविणता प्रमाणपत्र वा सो सरह उतिर्ण,
- माछापुच्छ्रे गाउँपालिका भित्र स्थायी बसोबास भएको नेपाली महिला नागरिक,

नोट

- छात्रवृति प्राप्त गर्नको लागि सरकारी तथा सामुदायिक शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह उतिर्ण गरेको हुनुपर्ने र सरकारी तथा सामुदायिक शैक्षिक संस्थामा स्नातक तहमा यस बर्ष भर्ना भएको प्रमाण पेश गर्नु पर्नेछ।
- माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा आवेदकले निवेदन दिनु पर्नेछ।
- आवेदन संकलन मितिः-२०७८/०९/१९ गतेदेखि मिति २०७८/१०/०३ गते सम्म।
- आवश्यक कागजातहरुः-
  - प्रविणता प्रमाणपत्र वा सो सरह उतिर्ण गरेको ट्रान्स्कृप्ट र सर्टिफिकेटको फोटोकपी,
  - आर्थिक अवस्था कमजोर भएको खुल्ने गरि वडाको सिफारिस,
  - नेपाली नागरिकताको प्रतिलिपी र पासपोर्ट साईजको फोटो १/१ प्रति,
  - स्थानीय नागरिक खुल्ने प्रमाणपत्रको प्रतिलिपि (नागरिकता/मतदाता परिचयपत्र वा विवाहदर्ता)
  - लिखित निवेदन

२०७८/०९/१९
खेमराज देवकोटा
प्रमुख प्रशासकीय अधिकृत